## अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः १४/०७७

अध्यक्षताः नगर प्रमुख श्री हरिकुमार राना

मितिः२०७७/०६/२६

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री हरिकुमार राना | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्रकुमार खाम्याहाङ्ग | |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | |
| लेखा अधिकृत - | श्री रामचन्द्र घिमिरे | |
| अधिकृत | श्री चुडामणी तिर्ला | |

सहायक चौथो श्री सौजन कट्वाल

**अर्जुनधारा नगर कार्यपालिकाको मिति २०७७/०६/२६गते बसेको बैठकबाट देहाय बमोजिम निर्णयहरु गरियो।**

१. अर्जुनधारा नगरपालिकाको विशेष नगर सभामा देहाय बमोजिमका विधेयकहरु निर्णयका लागि पेश गर्ने निर्णय गरियो।

क. अर्जुनधारा नगरपालिकाको शिक्षा विधेयक,२०७७ ,दफा- ,पाना-

ख. अर्जुनधारा नगरपालिकाको सहकारी विधेयक,२०७७ दफा- ,पाना-

२. अर्जुनधारा नगरपालिका क्षेत्र भित्रका ऐलेनी जग्गामा सञ्चालनमा रहेका पसल व्यवसायहरु दर्ता नहुने व्यवस्था रहेकामा त्यस्ता जग्गामा रहेका पसल व्यवसायहरु नगरपालिकामा दर्ता गरी प्राप्त हुने पसल व्यवसाय दर्ता प्रमाणपत्रकै आधारमा पछि हकभोगका लागि दावि नपुग्ने गरी पसल व्यवसाय दर्ता गर्ने व्यवस्थाका सम्बन्धमा आवश्यक निर्णय हुन आगामी नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

३. अर्जुनधारा नगरपालिका भित्र बसोवास गर्नुहुने नेपाल सरकारबाट घोषित शहिद परिवार(सगोल परिवार) लाई नगरपालिकाबाट उपलब्ध हुने देहायका क्षेत्रहरुमा कर तथा सेवा शुल्क मिनाहा गर्न आगामी विशेष नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

क. सगोल परिवार भित्रका सदस्यको नाममा रहेको जग्गाको मालपोत तथा सम्पत्ति कर

ख. सगोल परिवार भित्रका सदस्यको नाममा रहेको जग्गामा बन्ने घरमा लाग्ने नक्सापास दस्तुर

ग. सगोल परिवार भित्रका सदस्यको नाममा जारि हुने विभिन्न सिफारिस तथा प्रमाणित दस्तुर

घ. अन्य गैर नाफामूलक कारोबारहरुमा लाग्ने कर तथा राजश्व

४. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत देहायका योजनाहरु संशोधनका लागि पेश भएकाम उक्त संशोधनका लागि निर्णय हुन आगामी विशेष नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

| सि.नं. | योजना क्र.सं | साविक योजना | रकम | संशोधित योजना | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४/वडा नं १ | बर्खे खोल्सी व्यवस्थापन | ५,००,००० | बाटो मर्मत तथा स्तरोन्नति निर्माण योजना,अर्जुनधारा-१ | ५,००,००० | |

५. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत पुँजिगत खर्च तर्फ विनियोजित देहायका शीर्षकहरुको रकमबाट अनुसुचि १ मा उल्लेख भए अनुसारका कार्यक्रम स्वीकृतिका लागि विशेष नगर सभामा पेश गर्ने निर्णय गरियो।

क. युवा खेलकुद तथा सँस्कृति वडागत विनियोजन रु २७ लाख ५० हजार मात्र।

ख. सडक कालोपत्रे रु ३ करोड ३० लाख मात्र।

ग. मर्मत सम्भारकोष वडा स्तरीय रु १ करोड १० लाख मात्र।

घ. पुल आवास तटबन्धन १ करोड ३७ लाख ५० हजार मात्र।

हरि कुमार राना मगर
नगर प्रमुख

६. मिति २०७७/५/३० गतेको दिन भएको अर्जुनधारा नगर कार्यपालिकाको निर्णयानुसार यस नगरपालिका भित्रका नदिहरु बिरिङ्ग प्याकेज १ र २, टाङटिङ र ठूलो नेते खोलामा चालु आर्थिक वर्ष २०७७/२०७८ मा उत्खनन हुन प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा तोकिएका केन्द्रहरुबाट उत्खनन हुने गरी स्वीकृत नदिजन्य पदार्थ सङ्कलन तथा बिक्री व्यवस्थाका लागि कार्यालयबाट दिइएको अस्थायी इजाजतको सम्बन्धमा हाललाई उक्त कार्य यथास्थितिमा राख्न सम्मानित सर्वोच्च अदालतको मिति २०७७/०६/०२ को अल्पकालिन आदेश यस कार्यालयमा मिति २०७७/०६/०४ गते तामेल भएको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको अन्तिम फैसला प्राप्त नभए सम्म उल्लेखित अस्थायी इजाजत दिइएको कार्य स्थगन गर्ने र सूचनालाई बेवास्ता गरी सोबाट उत्पन्न हुने जवाफदेहिता स्वयमबाट वहन हुनुपर्ने व्यहोरा सरोकारवाला (अस्थायी इजाजत प्राप्त ठेकेदार) हरुलाई जानकारीका लागि सार्वजनिक सूचना प्रकाशन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

हरी कुमार राना मगर
नगर प्रमुख